# जिल्ला प्रशासन कार्यालय, मकवानपुरको आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन

| क. प्रशासन शाखा | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७२/०७३) | कैफियत |
| १ | संस्था दर्ता | ४६ | |
| २ | नावालक परिचयपत्र | १९२ | |
| ३ | विवाह दर्ता (शुरु तथा अरु) | ३० | |
| ४ | उजुरी तथा गुनासो | ३८७ | |
| ५ | पत्रपत्रिका दर्ता | ४ | |
| ६ | छापाखाना दर्ता | ० | |
| ७ | विविध सिफारिस | १०३३ | |
| ८ | तिव्वती शरणार्थीको परिचयपत्र नविकरण | - | |
| ९ | शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस | - | |
| १० | हातहतियार नविकरण | १७ | |
| ११ | हातहतियार नामसारी | - | |
| १२ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | २४ | |

| ख. नागरिकता शाखा | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७२/०७३) | कैफियत |
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | ११५१३ | |
| २ | प्रतिलिपि नागरिकता वितरण | ७८५२ | |
| ३ | बैवाहिक अंगिकृत नागरिकता वितरण | ९ | |
| ४ | पुरानो नागरिकता अभिलेखिकरण | ५६१८६ | |

| ग. राहदानी शाखा | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७२/०७३) | कैफियत |
| १ | साधारण सिफारिस | ८३९६ | |
| २ | द्रुत सिफारिस | ८३५४ | |
| ३ | राहदानी वितरण | ७५९६ | |
| ४ | वितरण हुन बाँकी राहदानी | ८०० | |

| घ. लेखा शाखा (राजश्व तर्फ) | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या/रकम (आ.व. २०७२/०७३) | कैफियत |
| १ | संस्था दर्ता (नवीकरण सहित) | रु. २०६४६६/- | |
| २ | हातहतियार (नविकरण, नामसारी) | रु. २२६२०/- | |
| ३ | राहदानी दस्तुर | रु. ४४०८५०००/- | |
| ४ | अन्य प्रशासनिक दस्तुर | रु. ३६५९५३/- | |
| ५ | प्रशासनिक दण्ड जरिवाना | रु. ३२०००६/- | |
| ६ | न्यायिक दण्ड, जरिवाना र जफत | रु. १९८०००/- | |



प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ७ | परीक्षा दस्तुर | रु. ९६०००/- | |
| ८ | बेरुजु असुली | - | |
| ९ | धरौटी | रु. ४१८८६१०।०७ | |
| | | | |
| | | | |
| १ | दैवी प्रकोप (आगजनी, चट्याङ, वर्षा) | रु. ९८२५०००/- | |
| २ | दैवी प्रकोप (भूकम्प पीडित) | रु. ५३६९४००००/- | (अस्थायी आवास तथा न्यानो कपडा बापत) |
| ३ | द्वन्द्व पीडित (अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता) | रु. ७४४०००/- (१२ जना) | |
| ४ | द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका | रु. ८४०००/- (१ जना) | |
| ५ | सडक दुर्घटनाको क्षतिपूर्ती वितरण | रु. १००२५०००/- (२१ जना) | |
| ६ | वैदेशिक रोजगारीमा मृतक क्षतिपूर्ती वितरण | ९१५७२०/- (७ जना) | |
| कार्यालय तर्फ | | | |
| १ | पूँजीगत तर्फ कूल खर्च | रु.१५६१४८०/- | |
| २ | चालु तर्फ कूल खर्च | रु.१२२६६५६४।१० | |
| **ङ. मुद्दा शाखा** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७२/०७३)** | **कैफियत** |
| १ | हातहतियार | २ | २०७२-०८-१७ सम्म दायर मुद्दा मकवानपुर जिल्ला अदालतमा गएको । |
| २ | केही सार्वजनिक अपराध | ७८ | |
| ३ | कालो बजारी | २ | |
| ४ | खाद्य | २ | |
| ५ | क्षतिपूर्ती | २ | |
| **यस आ.व. को जम्मा दर्ता** | | ८६ | |
| **गत आ.व. को जिम्मेवारी सरी आएको संख्या** | | १३ | |
| **यस आ.व. मा फछर्यौट भएको संख्या** | | ७३ | |
| **फैसला हुन बाँकी मुद्दाको संख्या** | | १३ | |
| | | | |
| **च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७२/०७३)** | **कैफियत** |
| १ | खाद्य नमूना संकलन | २ | |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | २ | |
| | | | |
| **छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७२/०७३)** | **कैफियत** |
| १ | खाद्यान्न, होटल र अन्य विविध | १४ पटक | |
| | | | |
| **ज. कार्यालय अनुगमन** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७२/०७३)** | **कैफियत** |
| १ | हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच | १७ | |
| | | | |



प्रमुख जिल्ला अधिकारी

| झ. विपद् व्यवस्थापन सम्बन्धी | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या/रकम (आ.व. २०७२/०७३) | कैफियत |
| १ | भूकम्प पीडितको विवरण संकलन | ३०३२२ | (राष्ट्रिय पुनर्निर्माण प्राधिकारणको लाभग्राही सूची अनुसार ।) |
| २ | घाइते | १९० | जिल्ला दैवी प्रकोप उद्दार समिति बमोजिम । |
| ३ | मृत्यु | ४७ | ऐ. |
| ४ | निजी घर क्षती (पूर्ण) | २३७४७ | ऐ. |
| ५ | निजी घर क्षती (आंशिक) | २१५१९ | ऐ. |
| ६ | सरकारी भवन | ६४ | ऐ. |
| ७ | सार्वजनिक विद्यालय | ४०९ | ऐ. |
| ८ | भूकम्प पीडितलाई तत्काल राहत वितरण | ४९ | |
| ९ | भूकम्प पीडितलाई अस्थायी आवासको लागि राहत वितरण | रु.३२५५८००००/- | |
| १० | भूकम्पी पीडितलाई न्यानो कपडा बापत रकम वतरण | रु. २११३६००००/- | |

## अन्य महत्वपूर्ण कार्यहरु

**सेवा प्रवाह सम्बन्धी**

- तराई मधेश आन्दोलनको अवस्थामा इन्धन आपूर्ति र वितरणमा सहजीकरण गरिएको ।
- कार्यालयबाट प्रवाह हुने सेवालाई सरल, छिटो छरितो बनाउन सेवा सरलीकरण कार्यविधी बनाई सोही अनुसार गरिएको ।
- सेवा प्रवाहलाई सहज बनाउनका लागि वैदेशिक रोजगार परामर्श तथा नागरिक सहायता कक्ष स्थापनाको तैयारी गरिएको ।
- कार्यालयबाट प्रवाह हुने सेवाको लागि आवश्यक पर्ने कागजात तथा अपनाउनु पर्ने प्रक्रिया समेटेर ५००० वटा ब्रोसर प्रकाशन गरी प्रत्येक स्थानीय निकायहरु मार्फत सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था गरिएको ।
- सेवा ग्राहीलाई सेवा लिन सजिलो होस् भन्नका लागि सेवा लिंदा लाग्ने शूल्क, गुनासो सुन्ने तथा सूचना अधिकारी र सेवा लिन सम्पर्क गर्ने कोठा जस्ता जानकारी भएका विवरणहरु कार्यालय परिसरको विभिन्न स्थानमा राखिएको ।
- सेवा प्रवाहलाई दूर्गम गाउँघर सम्म पुर्याउने उद्देश्यले २०७३ जेठ २३ र २४ गते काँकडा गा.वि.स.मा एकीकृत घुम्ती सेवा शिविर संचालन गरिएको । उक्त घूम्ती शिविरमा विभिन्न निकायहरुले सेवा प्रवाह गर्नुका साथै ५३० नयाँ नागरिकता वितरण गरिएको थियो ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधीहरु प्रवाह गर्ने गरिएको । विद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।

- कार्यालयको सेवा प्रवाहलाई छिटो छरितोका साथै मानव अधिकार मैत्री बनाउन कार्यालयका सबै कर्मचारीहरुलाई मानव अधिकार मैत्री सेवा प्रवाह सम्बन्धी गोष्ठी आयोजना गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाई हुने मुद्दाहरुमा मुद्दाको प्रकृती हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको ।
- संघ संस्था दर्ता गरी मठ मन्दीर, सामुदायिक भवन खेल मैदान जस्ता कार्यको नामबाट जग्गा अतिक्रमण गरी अनधिकृतरुपमा संरचनाहरु बनाउने प्रवृत्ती देखिएकोले जग्गा आवश्यक पर्ने क्रियाकलाप संचालन गर्ने दर्ता हुने संघ
- संस्था दर्ता गर्दा जग्गाको भोगाधिकार यकिन गरेर मात्रै दर्ता गर्ने व्यवस्था मिलाइएको । कार्यालयबाट दर्ता हुने सबै
- संघ संस्थामा "वन तथा सार्वजनिक जग्गा अनधिकृत प्रयोग नगर्ने गरी" भन्ने शर्त प्रमाणपत्र मै उल्लेख गर्ने गरिएको ।

**कार्यालय व्यवस्थापन सम्बन्धी**

- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि एउटा मात्रै शौचालय रहेकोमा थप शौचालय निर्माण गरी महिला पुरुष अलग अलग शौचालय बनाइएको ।
- कार्यालय परिसरमा सेवाग्राहीहरुका लागि अलग्गै पानी ट्याङ्की जडान गरी खानेपानीको व्यवस्था मिलाइएको ।
- वातावरण दीवसको उपलक्ष्यमा कार्यालय परिसरमा सरसफाई गरी वृक्षारोपण गरिएको ।
- कार्यालय परिसरमा अर्ध निर्मित अवस्थामा रहेको भवनलाई थप निर्माण गरी प्रयोगमा ल्याइएको ।
- कार्यालयका विभिन्न फाँटमा रहेका पुराना फर्निचरहरु फेरी नयाँ प्रतिस्थापन गरिएको । सेवाग्राहीहरु विशेष गरी अपाङ्ग, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि सेवा लिंदासम्म बस्ने व्यवस्थाको विशेष प्रबन्ध गरिएको ।
- कार्यालय परिसरमा वैदेशिक रोजगार परामर्श सेवा संचालन भैरहेको पुरानो भवनलाई मर्मत गरी वैदेशिक रोजगार परामर्श तथा नागरिक सहायता कक्ष संचालन गर्न मिल्ने बनाइएको ।

**अन्य**

- प्रकोप व्यवस्थापनका लागि विपत पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी प्रकाशन गरिएको ।
- दैवी प्रकोप सम्बन्धी सूचना एकीकृत गरी प्रवाह गर्ने व्यवस्था मिलाउन जिल्ला दैवी प्रकोप उद्धार समिति अन्तर्गत रहने गरी प्रकोप व्यवस्थापन सूचना केन्द्र स्थापना गर्ने व्यवस्था मिलाइएको ।
- भूकम्प पीडितह अस्थायी आवासका साथै विभिन्न राहत वितरण तथा पुर्ण क्षतिग्रस्त घर परिवारलाई जिल्ला दैवी प्रकोप उद्धार समितको निर्णय बमोजिम रु.१०,०००/- प्रति परिवार न्यानो कपडा बापतको रकम वितरण गर्ने व्यवस्था मिलाइएको ।
- भूकम्प पीडितहरुलाई आवास अनुदान उपलब्ध गराउन तथ्याङ्क लिन र अनुदान सम्झौता गर्ने आवश्यक सहयोग र समन्वय गरिएको । असार मसान्तसम्म लाभग्राही सूचीमा परेका ३०३२२ मध्ये १४६० परिवारसँग सम्झौता सम्पन्न भैसकेको र सम्झौता प्रक्रियालाई तीव्रता दिने व्यवस्था मिलाइएको ।
- यस जिल्लामा भूकम्प पीडित वा अन्य प्रकोप पीडितहरुलाई अस्थायी आश्रय दिनका लागि १० वटा सामूहिक आवास भवन बनाउने योजना अनुसार नेपाली सेनाबाट निर्मित ५ वटा जिल्ला दैवी प्रकोप उद्धार समितिले बुझी स्थानीय प्रकोप व्यवस्थापन समितिलाई संचालन गर्न जिम्मेवारी दिइएको । बाँकी ५ वटा निर्माण चरणमा रहेको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको । साथै राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्वःप्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश



डा मान बहादुर बीके
प्रमुख जिल्ला अधिकारी

जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।

- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरुमा समन्वय तथा सहजीकरण गरिएको ।
- स्थानीय शान्ति समितिको प्रशासनिक तथा लेखा व्यवस्थापनको कार्यमा सहजीकरण गरिएको । असार मसान्तसम्म सत्य निरुपण तथा मेलमिलाप आयोग तर्फ ३०८ वटा र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग तर्फ २३ वटा निवेदन समिति मार्फत दर्ता भएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान, वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी संबोधन गरिएको ।

डा मान बहादुर बी.के.
प्रमुख जिल्ला अधिकारी